# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

## पुल्चोक, ललितपुर

## प्रकाशनार्थ/प्रशारणार्थ

मितिः २०७७/१२/०८

### परिचयपत्र प्राप्त व्यक्तिलाई प्रदान गर्नुपर्ने सेवा, सुविधा, छुट तथा सहुलियत

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(१)(च) ऐ नियमावलीको नियम ३८ बमोजिम परिचयपत्र प्राप्त पीडित तथा पीडित परिवारलाई ऐनको दफा २३ (१)(२) बमोजिम राज्यको तर्फबाट सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराइ निजहरुको परिवारजनले गरेको योगदानको कदर र सम्मान गर्न संघ, प्रदेश तथा स्थानीय तहका सरकारहरुबाट निम्न बमोजिमको सेवा, सुविधा, छुट तथा सहुलियत प्रदान गरी समाजमा मेलमिलापको वातावरण निर्माण गर्न सम्बन्धित ऐन, नियमावली, कार्यविधिमा संशोधन गर्न वा आवश्यकता अनुसार निर्देशिका/मापदण्ड जारी गरी निम्नानुसारको व्यवस्था तत्काल सम्बोधन गर्न आयोगबाट मिति २०७७।१२।०४ मा सम्पर्क मन्त्रालय मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय भएकाले निर्णयानुसार गरी सशस्त्र द्वन्द्व पीडितका मागलाई सम्बोधन गर्न सादर अनुरोध गरिएको छ।

१.आरक्षण

(क) संघ, प्रदेश तथा स्थानीय तहको सरकारी सेवा र नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएको संस्थाको सेवामा कम्तिमा दश वर्षको लागि निश्चित प्रतिशत आरक्षण,

(ख) नेपाल राष्ट्र बैंक, बैंक तथा बित्तीय संस्था र सहकारी संस्थाको सेवामा कम्तिमा दश वर्षको लागि निश्चित प्रतिशत आरक्षण,

(ग) प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनामा योग्यता पुगेका पीडित परिवारका सदस्यहरुले प्राथमिकता पाउने गरी काममा लगाउने,

(घ) प्रत्येक प्रदेश स्तरमा कम्तिमा १० जना र स्थानीय तहमा कम्तिमा दुईजना द्वन्द्व पीडितलाई रोजगारीको व्यवस्था गरिदिने।

२.सहुलियतपूर्ण कर्जा तथा ऋण सुविधा

(क) सहुलियत कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७५ मा पीडित परिचयपत्र प्राप्त व्यक्ति समेट्नु पर्ने,

(ख) पीडितले लिएको पाँचलाख रुपैयाँसम्मको ऋण मिनाहा र सो भन्दा बढी रकममा ब्याज मिनाहा गरिदिने।

३.कर छुट

(क) कृषि आयमा कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सम्पत्ति कर, घर बहाल कर आदिमा कम्तिमा २५ प्रतिशत छुट,

(ख) राहदानी शुल्कमा ५० प्रतिशत छुट,

(ग) पाँच वर्षसम्म बिक्री वितरण गर्न नपाउने गरी व्यावसायिक प्रयोजनको लागि एक सवारी साधन आयात गरेमा वा नेपालमा खरिद गरेमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्तशुल्कमा ५० प्रतिशत छुट,

(घ) साना तथा घरेलु उद्योग दर्ता गरेका पीडितको आयमा कम्तिमा दश वर्षसम्म आयमा लाग्ने करमा ५० प्रतिशत छुट,

(ङ) पीडितहरुद्वारा संचालित सहकारी संस्थाको आयमा कम्तिमा दश वर्षसम्म आयमा लाग्ने करमा ५० प्रतिशत छुट।

(च) साना तथा घरेलु उद्योग दर्ता गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट गरिदिने।

४.शिक्षा तथा तालीम

(क) उमेर हद नराखी परिचयपत्र वाहकलाई विश्वविद्यालय तहको शिक्षासम्म निशुल्क,

(ख) व्यक्ति बेपत्ता भएको मिति पश्चात पीडित वा पीडित परिवारले स्नातकोत्तर स्तर सम्मको शिक्षा आर्जन गर्न बुझाएको शुल्क, नामङ्कन दस्तुर, परीक्षा शुल्कको वास्तविक खर्च भएका कागजात पेश गरेमा सो रकम फिर्ता उपलब्ध गराउने,

(ग) कम्तिमा एकपटकको लागि स्वरोजगारमूलक निशुल्क तालीम तथा निशुल्क उपकरण उपलब्ध गराईदिने।

५.स्वास्थ्यः अस्पताल तथा स्वास्थ्य संस्थामा निःशुल्क स्वास्थ्य उपचार तथा अवस्था अनुसार विशेष प्राथमिकता र निःशुल्क स्वास्थ्य बीमा समेत गरिदिने।

६.बीमाः कृषि बीमा तथा व्यवसाय बीमाको प्रिमियममा कम्तिमा पचास प्रतिशत सम्मको सहुलियत उपलब्ध हुन व्यवस्था गरिदिने।

७.यातायातः परिचयपत्र बाहकलाई सार्वजनिक यातायात (हवाई, रेल, बस) मा यात्रा गर्दा लाग्ने भाडामा पचास प्रतिशत छुटको व्यवस्था गरिदिने।

८.सामाजिक सुरक्षा भत्ता

(क) बेपत्ता व्यक्तिको पत्नीलाई एकल महिलाले पाउने सरह सामाजिक सुरक्षा भत्ता,

(ख) एकल अवस्थामा रही आयस्रोत नभएका बेपत्ता व्यक्तिका पतिलाई सामाजिक सुरक्षा भत्ता,

(ग) पीडित परिवारका नावालक, अशक्त तथा अपाङ्गलाई विशेष हेरचाह र सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिदिने।

९.नागरिकताःव्यक्ति बेपत्ता भएको कारण परिवारले नागरिकता प्राप्त गर्न नसकेको पीडित परिवारलाई आवश्यक भएमा परिचयपत्रको आधारमा नागरिकताको प्रमाणपत्र पाउने व्यवस्था गरिदिने।

१०.सम्पत्ति

(क) भूमिहीन पीडित परिवारलाई तत्काल निःशुल्क भूमि र आवासको व्यवस्था गरिदिने,

(ख) बेपत्ता व्यक्तिको नाममा घर, जग्गा, व्यवसाय रहेको वा कुनै बैंक तथा वित्तिय संस्थामा रहेको चल अचल सम्पत्ति हालसम्म पनि नामसारी नभएको भएमा हकवाला परिचयपत्र

वाहकलाई नामसारी गरिदिने तथा नामसारी गर्दा कर लाग्ने भएमा एकपटकको लाग्ने सम्पूर्ण करमा छुटको व्यवस्था गरिदिने,

(ग) बेपत्ता व्यक्तिको नाउँमा वा पीडित परिवारको नाउँमा रहेको घर तथा व्यवसायमा विद्युत, खानेपानी, टेलिफोन आदि जडान गर्न लाग्ने सम्पूर्ण शुल्क एक पटकको लागि छुटको व्यवस्था गरिदिने,

(घ) सरकारी सेवामा रहेका बखत बेपत्ता भएका व्यक्तिको पीडित परिवारले पाउने सेवा सुविधा (निवृत्तिभरण, उपदान, औषधी उपचार खर्च, विदा खर्च आदि) प्राप्त हुन नसकेको भए बेपत्ता भएको मितिदेखि अवकास हुँदाको मितिसम्मको अवधि गणना गरी राज्यको तर्फबाट पीडितलाई प्राप्त हुने सबै सेवा सुविधाहरु पीडित परिवारलाई उपलब्ध गराउने।

**११.लक्षित नीति तथा विविध कार्यक्रम**

(क) पीडितको सहभागितामा पीडित लक्षित नीति तथा कार्यक्रमको तर्जुमा गरी तथा कार्यान्वयन गर्ने,

(ख) परिचयपत्र बाहकलाई आवश्यक निःशुल्क कानूनी सहायता उपलब्ध हुने व्यवस्था गरिदिने,

(ग) राज्यको तर्फबाट प्रवाह हुने सेवा, सुविधा वा रोजगारीहरुको सिर्जना गर्दा योग्यता पुगेका परिचयपत्र बाहकलाई प्राथमिकता दिई प्रवाह गर्ने,

(घ) राष्ट्रिय तथा सामुदायिक वनमा पीडित परिवारलाई आवश्यक पर्ने काठ दाउरा विशेष सहुलियत दरमा उपलब्ध गराउने,

(ङ) परिचयपत्र बाहकको सम्मानको लागिः

अ. सिहदरवार प्रवेशमा सहजता गरिदिने,

आ. सार्वजनिक पार्क, संग्रहालय वा शुल्क लाग्ने सार्वजनिक स्थलमा ५० प्रतिशत छुट दिने,

इ. सरकारका औपचारिक वा सार्वजनिक कार्यक्रमहरुमा प्राथमिकता दिने,

ई. पीडितको आवश्यकता पहिचान गरी परिपूरणमा प्राथमिकता दिने,

उ. संघीय सरकारले निर्देशिका बनाई आफु र सबै तहका सरकारलाई द्वन्द्व पीडितका समस्या समाधान गर्ने कार्यक्रम कार्यान्वयन गर्न लगाउने।

..............................

डा. गंगाधर अधिकारी
सदस्य एवं प्रवक्ता